२०७९ सालको ऐन नं. ८

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ८ मितिः२०७९।०९।१४

## भाग- २

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### “हेटौंडा उपमहानगरपालिका शिक्षा ऐन, २०७४ को पहिलो संशोधन ऐन, २०७९

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका शिक्षा ऐन, २०७४ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर सभाले यो ऐन संशोधन गरी जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधन ऐनको नाम “हेटौंडा उपमहानगरपालिका शिक्षा ऐन, २०७४ को पहिलो संशोधन ऐन, २०७९” रहेको छ।

हेटौंडा राजपत्र

२. **<u>प्रस्तावना संशोधनः</u>** नगर सभाले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो ऐन बनाएको छ ।

३. **दफा १५ को उपदफा (१) संशोधनः** दफा १५ को उपदफा (१) उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहने छ :

(क) उपमहानगरपालिकाका प्रमुख -अध्यक्ष

(ख) उपमहानगरपालिकाका उपप्रमुख -सदस्य

(ग) नगर कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिका संयोजक -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) नगर कार्यपालिकाले तोकेका सभाका सदस्यहरु मध्येवाट एकजना महिला सहित २ जना -सदस्य

(च) समाजसेवी तथा शिक्षाप्रेमीहरू मध्येबाट एकजना दलित वा अल्पसंख्यक पर्ने गरी उपमहानगरपालिकाले मनोनित गरेका १ जना महिला -सदस्य

(छ) सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट उपमहानगरपालिकाले मनोनित गरेका १ जना महिला सहित २ जना -सदस्य

(ज) उपमहानगरपालिकाभित्रका माध्यमिक विद्यालयहरुका प्रधानाध्यापकहरुमध्ये नगर शिक्षा समितिको अध्यक्षले तोकेको १ जना -सदस्य

(झ) संस्थागत विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट उपमहानगरपालिकाले मनोनित गरेको १ जना -सदस्य

(ञ) नेपाल शिक्षक महासंघ नगर कार्यसमितिका पदाधिकारी/सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको एक जना -सदस्य

(ट) नगर शिक्षा अधिकारी/शिक्षा विकास महाशाखा प्रमुख -सदस्य सचिव

४. **दफा १७ को उपदफा (३) थपः** दफा १७ को उपदफा (३) उपमहानगरपालिकाभर रिक्त रहेका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको अस्थायी करार वा राहत अनुदान शिक्षक दरबन्दीमा

नेपाली राजपत्र

उपमहानगरपालिकाले कार्यपालिकाको निर्णयबाट तहगत वा एकमुष्ठ रुपमा सूचना प्रकाशन गरी शिक्षक छनौट गर्न सक्नेछ ।

**५. दफा १७ को उपदफा (४) थप:** दफा १७ को उपदफा (४) दफा ३ बमोजिम शिक्षक छनौटको सूचना प्रकाशन, परीक्षा सञ्चालन तथा नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**६. दफा २० को उपदफा (६) संशोधन:** दफा २० को उपदफा (६) व्यवस्थापन समिति गठन विवादित भएमा उपमहानगरपालिकाले तोकिएको बमोजिम एक अस्थायी व्यवस्थापन समितिको गठन गर्नेछ ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र